# "खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका, २०८१"

लुम्बिनी प्रदेश सरकार

युवा तथा खेलकुद मन्त्रालय

## प्रदेश खेलकुद परिषद् लुम्बिनी

राप्ती उपत्यका (देउखुरी), नेपाल।

सदस्य सचिव

प्रदेश सचिव

## खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका,२०८१

**प्रस्तावना:** प्रदेश खेलकुद परिषद्द्वारा आयोजना तथा सञ्चालन गरिने अन्तराष्ट्रिय, राष्ट्रिय, प्रदेश, जिल्लास्तरका खेलकुद प्रतियोगिता, विभिन्न मैत्रीपूर्ण खेलकुद प्रतियोगिता र परिषद्ले तोकेका अन्य खेलकुद प्रतियोगिताहरु मार्फत खेलकुदको विकास, विस्तार, खेल प्रतिभाको खोजी, पहिचान एवम् प्रतियोगिताहरुलाई पारदर्शी, मर्यादित, निष्पक्ष र व्यवस्थित रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले प्रदेश खेलकुद विकास नियमावली २०७८ को नियम (२५) ले दिएको अधिकार प्रयोग गरी प्रदेश खेलकुद परिषद्ले "खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका,२०८१" जारी गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशिकाको नाम "खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका,२०८१"रहेको छ।

(२) यो निर्देशिका मन्त्रालयले स्वीकृत गरेको मितिबाट लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:

(क) **"अध्यक्ष"** भन्नाले प्रदेश खेलकुद परिषद् लुम्बिनीको अध्यक्षलाई सम्झनुपर्छ।

(ख) **"अनुगमन तथा निरीक्षण समिति"** भन्नाले दफा (६) बमोजिमको अनुगमन तथा निरीक्षण समितिलाई सम्झनुपर्छ।

(ग) **"कार्यकारिणी समिति"** भन्नाले दफा (८) बमोजिमको कार्यकारिणी समितिलाई सम्झनुपर्छ।

(घ) **"परिषद्"** भन्नाले प्रदेश खेलकुद परिषद्, लुम्बिनीलाई सम्झनुपर्छ।

(ङ) **"प्रतियोगिता"** भन्नाले अन्तराष्ट्रिय, राष्ट्रिय, प्रदेशस्तरीय, जिल्लास्तरीय वा परिषद्ले तोकेका अन्य प्रतियोगितालाई सम्झनुपर्छ।

(च) **"प्रदेश खेलाडी छनौट समिति"** भन्नाले दफा (१०) बमोजिमको खेलाडी छनौट समितिलाई सम्झनुपर्छ।

(छ) **"मन्त्रालय"** भन्नाले लुम्बिनी प्रदेश सरकारको खेलकुदसँग सम्बन्धित विषय हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ।

(ज) **"मूल आयोजक समिति"** भन्नाले दफा (४) बमोजिमको मूल आयोजक समितिलाई सम्झनुपर्छ।

(झ) **"संघ"** भन्नाले विभिन्न खेल विधाका प्रदेशस्तरीय संघहरुलाई सम्झनुपर्छ।

(ञ) **"सदस्य-सचिव"** भन्नाले प्रदेश खेलकुद परिषद् लुम्बिनीको सदस्य-सचिवलाई सम्झनुपर्छ।

### परिच्छेद-२
### उद्देश्य

३. **उद्देश्य:** यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम हुनेछन्।

(क) खेलकुदलाई जनस्तरसम्म पुर्याइ खेलकुदप्रतिको आकर्षण बढाउनु,

सदस्य सचिव

प्रदेश सचिव

(ख) परिषद्ले आयोजना गर्ने प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरीय र अन्य खेलकुद प्रतियोगिताको माध्यमबाट उत्कृष्ट खेलाडीहरुको पहिचान गरी संरक्षण गर्नु,

(ग) प्रतिभावान खेलाडीहरुको छनौट गरी थप क्षमता अभिवृद्धि गर्न र सकारात्मक नतिजा हासिल गर्न खेल प्रशिक्षण सञ्चालन गर्नु,

(घ) खेलकुद प्रति युवाहरुलाई आकर्षण गरी विभिन्न दुर्व्यसनीबाट बचाउन र बढ्दो युवा पलायनलाई कम गर्न मद्दत गर्नु,

(ङ) खेलाडी छनौट गरी नियमित प्रशिक्षण गर्दै राष्ट्रिय प्रतियोगिताको लागि प्रदेशको टिम तयार गर्नु।

## परिच्छेद-३
## समिति सम्बन्धी व्यवस्था

४. **मूल आयोजक समितिः** (१) प्रतियोगिता आयोजना गर्न, समन्वय गर्न र त्यस सम्बन्धी आबश्यक निर्देशन दिन देहाय बमोजिमको मूल आयोजक समिति रहनेछ।

| | |
|---|---|
| (क) प्रदेश सरकारको खेलकुद सम्बन्धी विषय हेर्ने मन्त्री | -अध्यक्ष |
| (ख) प्रदेश सभाका खेलकूदसँग सम्बन्धित समितिका सभापति | -सदस्य |
| (ग) प्रतियोगिता आयोजना हुने सम्बन्धित जिल्लाका प्रदेश सभा सदस्यहरु | -सदस्य |
| (घ) प्रदेश योजना आयोगको खेलकुद सम्बन्धी विषय हेर्ने सदस्य | -सदस्य |
| (ङ) मन्त्रालयको सचिव | -सदस्य |
| (च) मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको सचिव | -सदस्य |
| (छ) स्वास्थ्यसँग सम्बन्धित मन्त्रालयको सचिव | -सदस्य |
| (ज) प्रतियोगिता सञ्चालन हुने स्थान रहेको स्थानीय तहका प्रमुख | -सदस्य |
| (झ) प्रतियोगिता सञ्चालन हुने जिल्लाको प्रमुख जिल्ला अधिकारी | -सदस्य |
| (ञ) नेपाली सेना, प्रदेश प्रमुख | -सदस्य |
| (ट) प्रदेश प्रहरी प्रमुख | -सदस्य |
| (ठ) सशस्त्र प्रहरी बल, प्रदेश प्रमुख | -सदस्य |
| (ड) मन्त्रालय खेलकुद महाशाखा प्रमुख | -सदस्य |
| (ढ) परिषद्का सदस्यहरु | -सदस्य |
| (ण) उद्योग, ब्यापार र बाणिज्य क्षेत्रका संस्थाका प्रमुखहरु | -सदस्य |
| (त) होटेल ब्यवसायी संघका प्रतिनिधि | -सदस्य |

सदस्य सचिव

निः प्रदेश सचिव

(थ) खेलकुद पत्रकार मञ्चको प्रतिनिधि -सदस्य

(द) प्रतियोगितामा समावेश हुने खेल संघका अध्यक्ष -सदस्य

(ध) परिषद्को सदस्य-सचिव -सदस्य-सचिव

(२) मूल आयोजक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र त्यस्तो बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५. <u>मूल आयोजक समितिको काम कर्तव्य र अधिकार</u>: मूल आयोजक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रतियोगिताको आयोजना तथा व्यस्थापन गर्ने, गराउने,

(ख) मन्त्रालय तथा सम्बन्धित निकायहरुबीच समन्वय गर्ने गराउने,

(ग) कार्यकारिणी समिति र यस निर्देशिका बमोजिम गठन भएका अन्य समिति र उपसमितिहरुलाई निर्देशिकाको परिधिभित्र रही आवश्यक निर्देशन गर्ने।

६. <u>अनुगमन तथा निरीक्षण समितिः</u> (१) प्रतियोगिताको अनुगमन तथा निरीक्षण गर्न देहाय बमोजिमको अनुगमन तथा निरीक्षण समिति रहनेछः

(क) परिषद्को सदस्य-सचिव -संयोजक

(ख) मन्त्रालयको खेलकुद महाशाखा प्रमुख -सदस्य

(ग) सम्बन्धित जिल्ला खेलकुद विकास समितिको अध्यक्ष -सदस्य

(घ) परिषद्का सदस्यहरु मध्ये सदस्य-सचिवको सिफारिसमा अध्यक्षले मनोनित गरेको एक जना महिला सहित दुई जना -सदस्य

(ङ) सम्बन्धित खेलका वरिष्ठ प्रशिक्षक वा संयोजकले तोकेको प्रशिक्षक -सदस्य

(च) परिषद्को प्रशासन प्रमुख -सदस्य-सचिव

७. <u>अनुगमन तथा निरीक्षण समितिको काम, कर्तव्य र अधिकार</u>: (१) अनुगमन तथा निरीक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समग्र प्रतियोगिताको नियमित अनुगमन तथा निरीक्षण गर्ने,

(ख) अनुगमन तथा निरीक्षणका क्रममा खेलाडी तथा अफिसियलबाट प्राप्त सुझाव तथा गुनासो परिषदमा पेश गर्ने,

(ग) प्रचलित कानून बमोजिम बन्देज तथा प्रतिकुल असर पर्ने बाहेकका समस्या तत्कालै समाधान गर्न अभिप्रेरित गर्ने,

(घ) निर्देशिकाको परिधिभित्र रही कार्यकारिणी समिति तथा उपसमितिलाई निर्देशन दिने,

(ङ) परिषद् समक्ष अनुगमन तथा निरीक्षण प्रतिवेदन पेश गर्ने।

सदस्य सचिव

प्रदेश सचिव

८. **कार्यकारिणी समिति:** (१) खेलकुद प्रतियोगिताको सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको कार्यकारिणी समिति रहनेछ:

| | |
|---|---|
| (क) परिषद्को सदस्य-सचिव | -संयोजक |
| (ख) मन्त्रालयको खेलकुद महाशाखा प्रमुख | -सदस्य |
| (ग) परिषद्को प्रशासन प्रमुख | -सदस्य |
| (घ) परिषद्को आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य |
| (ङ) परिषद्का सदस्यहरु मध्ये संयोजकले मनोनित गरेको एक जना महिला सहित दुई जना | -सदस्य |
| (च) सदस्य-सचिवले तोकेको परिषद्को कर्मचारी | -सदस्य-सचिव |

(२) समितिको बैठकमा प्रतियोगितासँग सम्बन्धित व्यक्तिहरुलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ।

(३) कार्यकारिणी समितिले खेलकुद प्रतियोगिताको तयारी तथा व्यवस्थापनको लागि आवश्यकता अनुसार कर्मचारी रहने गरी खेलकुद प्रतियोगिता सचिवालयको स्थापना गर्न सक्नेछ।

९. **कार्यकारिणी समितिको काम कर्तब्य र अधिकार:** कार्यकारिणी समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) प्रतियोगिताको लागि स्वीकृत भएको बजेट तथा कार्यक्रमको परिधीभित्र रही आवश्यक कार्यहरु गर्ने, गराउने,

(ख) प्रतियोगिताको स्थान, समय र ढाँचा निर्धारण गर्ने,

(ग) परिषद्का अध्यक्षसँग परामर्श गरी उपसमितिका पदाधिकारी तथा सदस्यहरु तोक्ने,

(घ) उपसमितिले सम्पादन गर्नुपर्ने कार्यहरु तोक्ने,

(ङ) खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने,

(च) प्रतियोगिता सम्पन्न भएको पैंसठ्ठी दिन भित्र प्रतियोगितामा भएको आम्दानी तथा खर्च सहितको प्रगति विवरण परिषदमा पेश गर्ने,

(छ) सम्बन्धित सरकारी, गैरसरकारी निकाय र प्रायोजकहरुसँग आवश्यक समन्वय र सहकार्य गरी प्रतियोगिता सम्पन्न गर्ने,

(ज) प्रतियोगितामा निमन्त्रणा गरिएका अतिविशिष्ट, विशिष्ट तथा अन्य अतिथिहरुको स्वागत सत्कारको लागि आवश्यक व्यवस्था मिलाउने,

(झ) प्रतियोगिताका लागि आवश्यक पदक र प्रमाणपत्रहरुको व्यवस्था गर्ने,

(ञ) प्रतियोगितामा सहभागिता जनाउने खेलाडी, प्रशिक्षक, टिम व्यवस्थापक, कर्मचारीहरु तथा पदाधिकारीहरुको प्रतियोगिता अवधिभरको लागि दुर्घटना बीमा गर्ने,

सदस्य सचिव

नि. प्रदेश सचिव

(ट) प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्न आवश्यकता अनुसार निश्चित समयका लागि स्वयंसेवक परिचालन गर्ने,

(ठ) खेल स्थल र खेलाडी कोटा निर्धारण गर्ने,

(ड) मूल आयोजक समिति र परिषद्ले निर्देशन गरे बमोजिमका कार्यहरु गर्ने,

(ढ) प्रतियोगिता सञ्चालन अवधिभर एम्वुलेन्स सहितको मेडिकल टिम तथा आवश्यक औषधी एवम् उपकरणहरुको ब्यवस्थापन गर्ने,

(ण) प्रतियोगिता अवधिभर खेलकुदमा प्रतिवन्धित औषधी सेवन एवम् प्रयोगको परिक्षण गर्न आवश्यक प्रवन्ध मिलाउन सक्ने।

१०. <u>प्रदेश खेलाडी छनौट समिति:</u> (१) प्रदेश स्तरका प्रतियोगिताबाट खेलाडी छनौट गर्नका लागि देहाय बमोजिमको प्रदेश खेलाडी छनौट समिति रहनेछ।

| | |
|---|---|
| (क) सदस्य-सचिव | -संयोजक |
| (ख) प्रदेश स्तरीय सम्वन्धित खेल संघको अध्यक्ष वा प्रतिनिधि | -सदस्य |
| (ग) सम्बन्धित खेलको वरिष्ठ प्रशिक्षक | -सदस्य |
| (घ) संयोजकले तोकेको खेल बिज्ञ | -सदस्य |
| (ङ) संयोजकले तोकेको परिषद्को कर्मचारी | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

११. <u>विषयगत उपसमिति:</u> खेलकुद प्रतियोगितालाई ब्यवस्थित रुपमा सम्पन्न गर्नको लागि कार्यकारिणी समितिले आवश्यकता अनुसार देहाय बमोजिमका विषयगत उपसमितिहरु गठन गर्न सक्नेछ:

(क) समारोह उपसमिति

(ख) प्राविधिक उपसमिति

(ग) खेल स्थल ब्यवस्थापन उपसमिति

(घ) आवास ब्यवस्थापन उपसमिति

(ङ) अनुशासन उपसमिति

(च) स्वास्थ्य उपसमिति

(छ) यातायात ब्यवस्थापन उपसमिति

(ज) सुरक्षा प्रबन्ध उपसमिति

(झ) प्रचार प्रसार उपसमिति

(ञ) खेल सामग्री तथा पोशाक ब्यवस्थापन उपसमिति

(ट) स्रोत परिचालन उपसमिति

(ठ) अनुसन्धान उपसमिति

(ड) स्वयंसेवक परिचालन उपसमिति

(ढ) स्वागत तथा अतिथि सत्कार उपसमिति

सदस्य सचिव

नि. प्रदेश सचिव

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको बैठक आवश्यकता अनुसार बस्नेछ र बैठक सम्बन्धी कार्यविधि सम्बन्धित उपसमिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-४

## खेलाडी दर्ता, छनौट र प्रतियोगिताको स्वरुप

१२. **खेलाडी दर्ता सम्बन्धी व्यवस्था:** (१) प्रतियोगितामा सहभागी हुने खेलाडीको नाम दर्ताको लागि परिषद्ले तोकेको मितिभित्र जिल्ला खेलकुद विकास समितिले अनुसूची-१ बमोजिमको खेलाडी दर्ता फाराम भरी परिषदमा उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता भएका खेलाडीलाई मात्र सेवा सुविधा उपलब्ध गराइनेछ।

१३. **प्रतियोगिताको स्वरुप:** खेलकुद प्रतियोगिताको स्वरुप स्थानीयस्तरको प्रतियोगिता मार्फत छनौट, जिल्लास्तरीय प्रतियोगिता मार्फत छनौट र प्रदेशस्तरीय प्रतियोगिता मार्फत छनौट हुनेछ।

(१) **स्थानीयस्तरीय प्रतियोगिता:** स्थानीय तहले प्रतियोगिता वा छनौट मार्फत उत्कृष्ट तथा प्रतिभाशाली खेलाडीहरूको टिम तयार गरी जिल्ला प्रतियोगितामा सहभागी गराउनु पर्नेछ। स्थानीयस्तरको खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन सम्बन्धित स्थानीय तहले गर्नेछ।

(२) **जिल्लास्तरीय प्रतियोगिता:**

(क) जिल्लामा आयोजना हुने खेलको सञ्चालन तथा व्यवस्थापन सम्बन्धित जिल्ला खेलकूद विकास समितिबाट हुनेछ।

(ख) जिल्ला खेलकुद विकास समितिले सोही जिल्ला अन्तर्गतका खेलाडीहरुलाई अनुसूची-१ बमोजिमको ढाँचामा नाम दर्ता गराई जिल्लास्तरीय खेलकुद प्रतियोगिताको आयोजना गर्नु पर्नेछ।

(ग) जिल्ला भित्रका स्थानीय तहहरुका टिम वा खेलाडीहरुबिच प्रतिस्पर्धा गराई अथवा जिल्ला भित्रका टिम वा खेलाडीहरु विचको खुल्ला प्रतियोगिता मार्फत जिल्लास्तरीय प्रतियोगिता सञ्चालन गरेर जिल्लाको टिम तयार गरिनेछ।

(घ) जिल्लास्तरमा प्रतियोगिता सञ्चालन गर्दा सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय, शिक्षा हेर्ने निकाय, जिल्ला समन्वय समिति, नेपाली सेना, नेपाल प्रहरी, प्रदेश प्रहरी, सशस्त्र प्रहरी बल लगायतका निकायसँग आवश्यक समन्वय गरी कार्य गर्नु पर्नेछ ।

(ङ) जिल्लास्तरीय खेलकूद प्रतियोगिता सञ्चालनार्थ प्राप्त हुने अनुदान रकम जिल्ला खेलकूद विकास समितिले खेल सामग्री, खेल मैदान, निर्णायक तथा अफिसियल भत्ता, बन्द प्रशिक्षण, खेल पोशाक, खाजा र मसलन्दमा खर्च गर्नुपर्नेछ।

(च) खण्ड (ग) बमोजिमको खेलाडीहरूको टिम तयार गर्न देहाय बमोजिमको जिल्ला खेलाडी छनौट समिति रहनेछ:

(अ) जिल्ला खेलकूद विकास समितिको अध्यक्ष -संयोजक

सदस्य सचिव

नि.प्रदेश सचिव

(आ) संयोजकद्वारा मनोनीत सम्बन्धित खेलको
वरिष्ठ प्रशिक्षक वा प्रशिक्षक एक जना -सदस्य

(इ) जिल्ला खेलकूद विकास समितिको कार्यालय प्रमुख -सदस्य-सचिव

(छ) खण्ड (ख) र (ग) बमोजिम आयोजना गरिएको जिल्लास्तरीय खेलकुद प्रतियोगितामा विजयी टिम वा खेलाडी खण्ड (च) बमोजिमको समितिले छनौट गरेका अन्य सहभागी टिमका प्रतिभाशाली खेलाडी र ब्यक्तिगत प्रतिष्पर्धातर्फ प्रथम स्थान प्राप्त गर्ने खेलाडीलाई समावेश गरी जिल्ला टिम तयार गरी प्रदेशस्तरीय प्रतियोगितामा सहभागी गराउनु पर्नेछ।

(ज) जिल्लास्तरीय प्रतियोगिता सञ्चालन हुने स्थल छनौट गर्दा जिल्ला खेलकूद विकास समितिले परिषदसँग समन्वय गरी छनौट गर्नु पर्नेछ ।

(३) प्रदेशस्तरीय प्रतियोगिता:

(क) जिल्लास्तरका प्रतियोगिताबाट खेलाडी छनौट गरी प्रदेशस्तरीय प्रतियोगितामा समावेश गराउनु पर्नेछ।

(ख) प्रदेशस्तरीय प्रतियोगितामा विजयी टिम वा प्रदेश खेलाडी छनौट समितिले छनौट गरेका अन्य सहभागी टिमका प्रतिभाशाली खेलाडी र ब्यक्तिगत प्रतिष्पर्धा तर्फ प्रथम स्थान प्राप्त गर्ने खेलाडीलाई समावेश गरेर प्रदेश टिम तयार गरी राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी गराइनेछ।

(ग) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै विशेष जिल्लामा मात्र सिमित भएका खेलहरु र पारा वा विशेष खेलको हकमा खुल्ला प्रदेशस्तरीय प्रतियोगिता आयोजना गरी प्रदेश टिम वा खेलाडी छनौट गर्न सकिनेछ।

## परिच्छेद-५

## प्रतियोगिता सञ्चालन र ब्यवस्थापन

१४. प्रतियोगिता सञ्चालन: (१) कार्यकारिणी समितिले प्रदेशस्तरीय खेल संघ तथा सम्बन्धित जिल्लाहरुसँग समन्वय गरी खेल सञ्चालन गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतियोगिता सञ्चालन गर्दा सम्बन्धित खेलका संघहरुले अन्तराष्ट्रिय, महादेशीय खेल महासंघ तथा राष्ट्रिय खेल संघको नियमानुसार खेल सञ्चालन गर्नु पर्नेछ।

(३) प्रतियोगितामा समावेश हुने खेल विधा र प्रत्येक जिल्लालाई दिइने खेलाडीहरुको कोटा कार्यकारिणी समितिले निर्धारण गर्नेछ।

(४) परिषद्ले देहाय बमोजिमका प्रतियोगिताहरु सञ्चालन गर्न सक्नेछ:

(क) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता,

(ख) मुख्यमन्त्री रनिङ शिल्ड प्रतियोगिता,

सदस्य सचिव

प्रि. प्रदेश सचिव

(ग) मुख्यमन्त्री कप प्रतियोगिता,

(घ) अन्तर प्रदेश खेलकुद प्रतियोगिता,

(ङ) विभिन्न खेल विधाका प्रदेशस्तरीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिता,

(च) मैत्रीपूर्ण खेलकुद प्रतियोगिता,

(छ) राष्ट्रिय खेलकुद परिषद्द्वारा आयोजना गरिने राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागिताका लागि खेलाडी छनौट प्रतियोगिता,

(ज) परिषद्ले तोकेका अन्य खेलकुद प्रतियोगिता।

१५. <u>खेल सामग्रीको व्यवस्थापन :</u> (१) प्राविधिक उपसमितिले खेल विधाका प्रदेश तथा जिल्ला संघ र सम्बन्धित खेलका प्रशिक्षकहरुसँग समन्वय गरी प्रतियोगिताको लागि आवश्यक खेल सामग्रीहरुको अनुमान तथा व्यवस्थापनका लागि प्रस्ताव तयार गरी कार्यकारिणी समितिमा पेश गर्नुपर्नेछ।

१६. <u>खेल सामग्री खरिद:</u> प्रतियोगिता सञ्चालनका लागि आवश्यक पर्ने खेल सामग्री, बस्तु, परामर्श सेवा खरिद गर्ने तथा भाडा लिने सम्बन्धित प्रक्रियागत व्यवस्था प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ।

१७. <u>खेल स्थल निर्धारण:</u> कार्यकारिणी समितिले सम्बन्धित प्राविधिक उपसमिति, खेल संघ, जिल्ला सुरक्षा समिति र स्थानिय तहको समन्वयमा पूर्वाधार र सुरक्षालाई मध्यनजर गरी खेल स्थल निर्धारण गर्नेछ।

१८. <u>रेफ्री/जज (निर्णायक) र जुरी व्यवस्थापन:</u> (१) सम्बन्धित खेल संघले खेलको प्रकृति र राष्ट्रिय तथा अन्तराष्ट्रिय नियमानुसार रेफ्री, जज र जुरीको संख्या निर्धारण गरी प्राविधिक उपसमिति मार्फत स्वीकृतिका लागि कार्यकारिणी समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको रेफ्री, जज र जुरीको संख्यालाई आवश्यकता र औचित्यको आधारमा कार्यकारिणी समितिले यथावत वा हेरफेर सहित स्वीकृति प्रदान गर्न सक्नेछ।

१९. <u>बन्द प्रशिक्षण सञ्चालन:</u> (१) राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगिताको लागि छनौट भएका खेलाडीहरुलाई उक्त प्रतियोगिता अगावै परिषद्ले बन्द प्रशिक्षणको व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बन्द प्रशिक्षणको सञ्चालन वा व्यवस्था गर्दा स्वदेशी वा विदेशी वरिष्ठ प्रशिक्षक/प्रशिक्षक/सहायक प्रशिक्षक/स्वयंसेवक प्रशिक्षकलाई प्राथमिकता दिनु पर्नेछ।

२०. <u>प्रतियोगितामा पालना गर्नु पर्ने सामान्य नियम:</u>

(क) अनुसूची-१ बमोजिमको खेलाडी दर्ता फाराममा आफ्नो नाम समावेश भएको खेलाडीहरुले मात्र प्रदेश खेलकुद प्रतियोगितामा भाग लिन पाउनेछन्।

(ख) अनुसूची -१ बमोजिम नाम समावेश भएका खेलाडीले आफ्नो नाम, दर्ता भएको खेलमा मात्र भाग लिन पाउनेछन्।

सदस्य सचिव

नि. प्रदेश सचिव

(ग) राष्ट्रियस्तरको खेलकुद प्रतियोगितामा कुनै पनि खेलाडीले एक भन्दा बढी खेल तथा एक भन्दा बढी प्रदेश वा विभागमा नाम दर्ता गरेको प्रमाणित भएमा त्यस्तो खेलाडीलाई प्रतियोगिताबाट बञ्चित गरिनेछ।

(घ) कुनै पनि खेलाडीले झुठा विवरण पेश गरी प्रतियोगितामा भाग लिनु हुँदैन यदि गरेको प्रमाणित भएमा त्यस्तो खेलाडी र सिफारिसकर्तालाई आवश्यक कारबाही गरिनेछ।

(ङ) खेलाडी दर्ता सम्बन्धी उत्पन्न हुने कुनै पनि विवादको समाधान सम्बन्धित संघ वा अनुशासन उपसमितिले गर्नेछ। त्यसरी पनि विवादको समाधान हुन नसकेमा कार्यकारिणी समिति वा परिषद्को निर्णय अन्तिम हुनेछ।

(च) प्रतियोगितामा सहभागी हुने टिमहरु प्रतियोगिता शुरु हुने मिति भन्दा एक दिन अगावै प्रतियोगिता स्थलमा अनिवार्य पुग्नु पर्नेछ। विषम परिस्थितिमा बाहेक प्रतियोगिता तालिका प्रकाशित भइसके पछि प्रतियोगिता स्थलमा नपुग्ने टिमलाई प्रतियोगितामा समावेश गराइने छैन र कुनै पनि सुविधा उपलब्ध गराइने छैन।

(छ) प्रदेश खेल संघका पदाधिकारीहरु प्रतियोगिता आयोजना स्थलमा त्यस्तो प्रतियोगिता शुरु हुनु भन्दा दुई दिन अगाडि पुग्नु पर्नेछ र त्यस्तो प्रतियोगितामा जाँदा बढीमा दुई जना पदाधिकारीहरुलाई दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराइनेछ। प्रतियोगिता स्थलमा पुग्दा वित्तिकै सम्बन्धित पदाधिकारीहरुले आधिकारिक पत्रका साथ आयोजक समिति सँग सम्पर्क गरी खेल परिचय पत्र (एक्रिडियसन कार्ड) लिनु पर्नेछ।

(ज) प्रतियोगितामा सहभागी हुने प्रत्येक खेलाडीको टिममा एक जना प्रशिक्षक र एक जना व्यवस्थापकको व्यवस्था गरिनेछ र सोही अनुसार सुविधा उपलब्ध गराइनेछ। तर महिला खेलाडी हुने खेलमा प्रशिक्षक र व्यवस्थापक मध्ये कम्तिमा एक जना महिलाको व्यवस्था गर्न सकिनेछ।

(झ) प्रतियोगितामा सहभागी हुने खेलको स्थायी एवम् करार प्रशिक्षक नभएको खण्डमा स्वयंसेवक प्रशिक्षकले टिमको नेतृत्व गर्न पाउनेछन्।

(ञ) प्रदेशस्तरीय प्रतियोगिता गर्नको लागि प्रदेश भित्रका कम्तिमा पाँच जिल्लाका खेलाडीहरु अनिवार्य रुपमा सहभागी भएको हुनु पर्नेछ।

(ट) स्थानीय तहका टिमलाई समावेश गराइ सञ्चालन गरिने जिल्ला प्रतियोगितामा जिल्लाको कुल स्थानीय तहको संख्याको कम्तिमा पचास प्रतिशत स्थानीय तहका खेलाडीले भाग लिनु पर्नेछ।

(ठ) राष्ट्रिय प्रतियोगितामा कम्तिमा चार प्रदेशका खेलाडीले सहभागिता जनाउनु पर्नेछ।

(ड) अन्तराष्ट्रिय प्रतियोगितामा कम्तिमा तिन देशका खेलाडीले सहभागिता जनाउनु पर्नेछ।

नि. प्रदेश सचिव

सदस्य सचिव

परिच्छेद-६

आर्थिक व्यवस्थापन:

२१. **पारिश्रमिक, भत्ता एवमं अन्य सुविधा सम्बन्धी व्यवस्था:** (१) राष्ट्रिय तथा प्रदेशस्तरीय खेलकुद प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षक, व्यवस्थापक तथा निर्णायकहरुलाई खाना तथा आवास खर्च वापत प्रति दिन बढीमा रु.२०००।- का दरले उपलब्ध गराउन सकिनेछ।

(२) प्रशिक्षक परिचालन अन्तर्गत एक जिल्लाबाट अर्को जिल्लामा खटिने प्रशिक्षकहरुको तहलाई भ्रमण खर्च नियमावली २०६४ मा उल्लेखित श्रेणी तथा तहसँग मिलान गरी सो सरह नियमानुसारको दैनिक भ्रमण भत्ता उपलब्ध गराउन सकिनेछ। खटिने प्रशिक्षकले आर्थिक अधिकार प्राप्त अख्तियारी प्रमुखबाट भ्रमण आदेश स्वीकृत गराउनुपर्नेछ।

(३) प्रदेशले आयोजना गर्ने प्रतियोगिताका लागि गठित दफा (४), (६), (८), (१०), (११) बमोजिमको समिति तथा उपसमितिका पदाधिकारी तथा सदस्यहरुलाई बैठक भत्ता एवम् अन्य सुविधा प्रचलित कानून बमोजिम उपलब्ध गराउन सकिनेछ।

(४) राष्ट्रिय/प्रदेशस्तरीय प्रतियोगितामा निर्णायक भई काम गर्ने अन्तराष्ट्रिय निर्णायकलाई खाना तथा आवास वा भ्रमण खर्चका अतिरिक्त भत्ता वापत दैनिक रु.१५००।-, राष्ट्रिय निर्णायकलाई रु.१०००।- र अन्य निर्णायकलाई रु. ७००।- सम्म नियमानुसार कर कट्टी गरी उपलब्ध गराउन सकिनेछ।

(५) राष्ट्रिय वा प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षक, निर्णायक, खेल पदाधिकारी, व्यवस्थापकहरुलाई ट्रयाकसुट, जुत्ता, मोजा, टावेल सहितको झोला (किट्स ब्याग) प्रति व्यक्ति रु. १००००।- का दरले नबढ्ने गरी नियमानुसार खरिद गरी उपलब्ध गराउन सकिनेछ।

(६) बन्द प्रशिक्षणमा सहभागी हुने खेलाडी, प्रशिक्षक, निर्णायक र व्यवस्थापकहरुलाई खाना तथा आवास वापत प्रति दिन बढीमा रु. २०००।- का दरले उपलब्ध गराउन सकिनेछ।

(७) प्रतियोगितालाई प्रभावकारी रुपमा सञ्चालन गर्न स्वयंसेवक (प्रशिक्षक तथा प्राविधिक जनशक्ति एवम् परामर्श सेवा) का लागि खाना खाजा वापत प्रतिव्यक्ति प्रतिदिन बढिमा रु.१०००।- का दरले र बढिमा रु. २०००।- बराबरको खेल पोशाक उपलब्ध गराउन सकिनेछ।

(८) प्रतियोगिताका लागि नियुक्त गरिएका स्वयंसेवकहरुको संख्या र काम गर्ने अवधि कार्यकारिणी समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(९) कार्यकारिणी समिति र परिषद्का पदाधिकारी तथा सदस्यहरुलाई रु.१००००।- मा नबढ्ने गरी पोशाक उपलब्ध गराउन सकिनेछ।

(१०) परिषद्ले सञ्चालन गर्ने अन्तराष्ट्रिय, राष्ट्रिय, प्रदेशस्तरीय तथा अन्य प्रतियोगिताका बिजयी टिम, व्यक्तिगत ईभेन्टका बिजयी खेलाडी, सर्वोत्कृष्ट खेलाडी, रेकर्ड ब्रेक गर्ने खेलाडी, बिजयी टिम र व्यक्तिगत ईभेन्टका प्रशिशक्षक तथा व्यवस्थापकहरुलाई नगद पुरस्कार, पदक एवम् प्रमाणपत्रको व्यवस्था गरिनेछ।

(११) नगद पुरस्कारको राशी र पदक बजेटको परिधिभित्ररही कार्यकारिणी समितिले निर्धारण गर्नेछ।

सदस्य सचिव

नि. प्रदेश सचिव

(१२) प्रतियोगितामा सहभागिता जनाउने खेलाडी, प्रशिक्षक, टिम व्यवस्थापक, कर्मचारीहरु तथा पदाधिकारीहरुको प्रतियोगिता अवधिभरको लागि बजेटको परिधीभित्र रही दुर्घटना बीमा गरिनेछ।

(१३) प्रतियोगिता सञ्चालनका लागि खेल स्थलमा मञ्च, माईक, स्कोर बोर्ड, रङ्गरोगन, चुना, डोरी, बाँस, टेप, रिङ्ग, म्याट, साउन्ड सिस्टम, डिजिटल सिस्टम, उदघाटन र समापन समारोह भव्य बनाउन आवश्यकीय सामग्रीहरु, प्रचारप्रसारको व्यवस्थापनका लागि विनियोजित बजेटको परिधीभित्र रही मितव्ययी एवं प्रभावकारी हुने किसिमले रकम खर्च गरिनेछ।

(१४) परिषद्ले सञ्चालन गर्ने प्रतियोगिताहरुमा जिल्लाबाट छनौट भई भाग लिन आउने खेलाडी, प्रशिक्षक, व्यवस्थापक र अन्य खेल अफिसियललाई प्रचलित भाडादरमा यातायात खर्च उपलब्ध गराइनेछ।

(१५) प्रदेशबाट छनौट भई राष्ट्रिय प्रतियोगितामा भाग लिन जाने खेलाडी, प्रशिक्षक, व्यवस्थापक र अन्य खेल अफिसियल तथा पदाधिकारीहरुलाई यातायातको व्यवस्था गरिनेछ।

(१६) बसोबास स्थलबाट खेलस्थल सम्म आते जातेको लागि यातायातको व्यवस्था गरिनेछ।

(१७) पारा खेलकुद प्रतियोगिता आवश्यकता अनुसार सञ्चालन गरिनेछ।

(१८) जिल्लास्तरीय छनौट प्रतियोगिताका लागि प्रत्येक जिल्लालाई आफ्नो जिल्लाको खेलकुद प्रतियोगिता सञ्चालन गर्न आवश्यक रकम औचित्य र सम्भाव्यताका आधारमा कार्यकारिणी समितिले निर्धारण गर्नेछ।

(१९) प्रदेशस्तरीय प्रतियोगितामा सबै खेलको आधारमा प्रथम हुने टिमलाई रनिङ्ग शिल्ड प्रदान गरिनेछ। रनिङ्ग शिल्ड प्राप्त गर्ने टिमले दोश्रो पटक हुने प्रदेशस्तरीय प्रतियोगितामा बिजयी टिमलाई उक्त शिल्ड हस्तान्तरण गर्नुपर्नेछ। लगातार तिन पटक सम्म एउटै टिम प्रथम भएमा उक्त शिल्ड सँधैको लागि राख्न पाउनेछ।

(२०) पारा, परम्परागत, साहसिक, विशेष र पर्यटन प्रवर्द्धन हुने खेलकुद प्रतियोगिताहरु यसै कार्यविधि अनुरुप सञ्चालन गरिनेछ।

## परिच्छेद-७
## विविध

२२. **शपथ ग्रहण:** प्रतियोगितामा सहभागी हुने रेफ्री, जज, जुरी र खेलाडीहरुले अनुसूची-२ बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ।

२३. **आचार संहिता पालना नगर्नेलाई कारबाही:** प्रतियोगिताको मर्यादामा आघात पुग्ने गरी अवाञ्छित क्रियाकलापमा संलग्न हुने खेलाडी, प्रशिक्षक, रेफ्री, जज, जुरी, व्यवस्थापक, कर्मचारी, खेल पदाधिकारी र दर्शकहरु समेतलाई प्रचलित कानुन बमोजिम कारबाही हुनेछ।

२४. **प्रतियोगिताबाट अलग हुन नपाउने:** टिम एवमं खेलाडीले प्रतियोगिता अवधिभर प्रतियोगिताबाट अलग हुन पाउने छैनन्।

२५. **प्रतियोगिता स्थगन:** मौसमको गडबडी विपद वा कुनै आकस्मिक घटनाका कारणबाट कुनै खेलको प्रतियोगिता स्थगित भएमा कार्यकारिणी समितिले परिषद्सँग समन्वय गरी सो प्रतियोगिता पुन: सञ्चालन गर्ने मिति, समय र स्थान तोकी खेल सञ्चालन गर्नेछ।

२६. **झण्डाको व्यवस्था:** कार्यकारिणी समितिले सम्बन्धित प्रदेश र जिल्लाको पहिचान झल्किने गरी झण्डाको व्यवस्था गर्न सक्नेछ।

सदस्य सचिव

नि. प्रदेश सचिव

२७. <u>पदक तथा पुरस्कार:</u> प्रतियोगितामा विजयी खेलाडी, प्रशिक्षक, व्यवस्थापक र सम्बन्धित खेल पदाधिकारीहरुलाई परिषद्ले नगद पुरस्कार, पदक एवम् प्रमाणपत्रद्वारा सम्मान गर्न सक्नेछ।

२८. <u>विज्ञापन वा प्रचार प्रसार:</u> परिषद् वा कार्यकारिणी समितिले प्रतियोगिता सञ्चालन गर्दा आफ्नो वस्तु तथा सेवाको विज्ञापन, प्रचार प्रसार गर्न चाहने व्यक्ति, फर्म र कम्पनीहरुलाई आफ्नो उत्पादन, सेवा र अन्य कुराहरुको विज्ञापन, प्रचार प्रसार गर्न गराउन आवश्यक समझदारी गरी व्यवस्था गर्न सक्नेछ।

२९. <u>बाधा अड्काउ फुकाउ:</u> यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्चन उत्पन्न भएमा मन्त्रालयले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

३०. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस निर्देशिकामा लेखिएको कुनै कुरा प्रचलित कानून सँग बाझिएमा बाझिएको हद सम्म प्रचलित कानून बमोजिम हुनेछ।

३१. <u>खारेजी र बचाउ:</u> यो निर्देशिका लागु हुनु भन्दा अघि प्रतियोगिता सम्बन्धमा भए गरेका कार्यहरु यसै निर्देशिका अनुरुप भए गरेको मानिनेछ।

सदस्य सचिव

२०८१।६।२४
नि. प्रदेश सचिव

अनुसूची-१

(दफा (१२) सँग सम्बन्धित)

# प्रदेश खेलकुद परिषद् लुम्बिनी

................प्रतियोगिता...................

## खेलाडी दर्ता फाराम

फोटो
पासपोट
साइज

दर्ता नं: ...........................................................................................

खेलको नाम: .......................................................................................

खेलाडीको नाम, थर (देवनागरीमा):.............................................................

खेलाडीको नाम थर (अंग्रेजीमा): ..............................................................

स्थायी ठेगाना: ......................................................................

अस्थायी ठेगाना: ....................................................................

जन्म मिति: ........................ नागरिकता नं:..................

शैक्षिक योग्यता:...................... तौल:............. उचाइ:.................

अध्ययनरत स्कूल/कलेजको नाम:..................................................................

खेलाडीको सम्पर्क नं:.................................

पिता/माताको नाम थर:..................................../..........................................

पिता/माताको सम्पर्क नं:......................../......................

प्रशिक्षकको नाम:......................................... प्रशिक्षकको सम्पर्क नं:............................

**हाल सम्म सहभागी प्रतियोगिताको नाम:**

१.

२.

३.

हाल सम्मको उच्चतम उपलब्धिहरु:

१.

२.

३.

माथि उल्लेखित ब्यहोरा ठिक साँचो हो, झुठ्ठा ठहर भएमा सहुँला बुझाउँला।

खेलाडीको हस्ताक्षर:

| | |
|---|---|
| प्रमाणित गर्ने: | प्रमाणित गर्ने: |
| जि.खे.वि.स. अधिकारी | प्रदेश खेलकुद परिषद अधिकारी |
| नाम थर: | नाम थर: |
| पद: | पद: |
| मिति: | मिति: |
| हस्ताक्षर: | हस्ताक्षर: |
| कार्यालयको छाप: | कार्यालयको छाप: |

सदस्य सचिव

नि. प्रदेश सचिव

## अनुसूची-२

(दफा(२४) सँग सम्बन्धित)

शपथ ग्रहणको नमूना

१. खेलाडीको शपथ ग्रहण:

म ....................................................................................... ईश्वरको नाममा शपथ लिन्छु कि.............................................प्रदेशको.......................................जिल्लाको............. ..........................................................................शहरमा आयोजित अन्तराष्ट्रिय/राष्ट्रिय/प्रदेश स्तरीय /जिल्ला स्तरीय खेलमा समावेश ..............................................................................खेलका प्रतियोगिताहरुमा सम्पूर्ण राष्ट्रिय तथा अन्तराष्ट्रिय नियमहरुको पालना तथा आदर गर्दै खेलकूदको उच्च आदर्श र मर्यादा कायम राख्दै खेल खेल्ने प्रतिज्ञा गर्दछु।

शपथ ग्रहण गर्ने खेलाडी:

दस्तखत: ..................................................

नाम: ..................................................

पद: ..................................................

मिति:..................................................

२. रेफ्री, जज र जुरीको शपथ ग्रहण:

म ....................................................................................... ईश्वरको नाममा शपथ लिन्छु कि.............................................प्रदेशको.......................................जिल्लाको............. ..........................................................................शहरमा आयोजित अन्तराष्ट्रिय/राष्ट्रिय/प्रदेश स्तरीय /जिल्ला स्तरीय खेलमा समावेश ..............................................................................खेलका प्रतियोगिताहरुमा सम्पूर्ण राष्ट्रिय तथा अन्तराष्ट्रिय नियमहरुको पालना तथा आदर गर्दै खेलकूदको उच्च आदर्श र मर्यादा कायम राख्दै खेल खेलाउने प्रतिज्ञा गर्दछु।

शपथ ग्रहण गर्ने पदाधिकारी:

दस्तखत: ..................................................

नाम: ..................................................

पद: ..................................................

मिति:..................................................

सदस्य सचिव

२०८१।३।२४
नि. प्रदेश सचिव